# यहूदाको पत्र

१येशू ख्रीष्टको दास अनि याकूबको एक भाई, यहूदाबाट।
ती सबै मानिसहरू प्रति जो परमेश्वरद्वारा चुनिएका छन्।
पिता परमेश्वरले तिमीहरूलाई प्रेम गर्नुहुन्छ अनि तिमीहरू येशू
ख्रीष्टको विश्वासमा सुरक्षित राखिएका छौ।
२सम्पूर्ण कृपा, शान्ति अनि प्रेम तिमीहरूमा रहोस्।

## खराब काम गर्ने मानिसहरूलाई परमेश्वरले दण्ड दिनुहुनेछ

३प्रिय मित्रहरू, म तिमीहरूलाई हामी सबैले एकसाथ सहभागी
भएको उद्धारको बारेमा लेख्न खुबै इच्छुक भएको छु। म
तिमीहरूलाई परमेश्वरले उहाँको पवित्र मानिसहरूलाई प्रदान
गर्नु भएको विश्वासको निम्ति कठिन सङ्घर्ष गर्ने उत्साह
प्रदान गर्ने इच्छा गर्छु। परमेश्वरले यो विश्वास एकै पल्ट
प्रदान गर्नुभयो अनि यो सबै समयको निम्ति पर्याप्त भयो।
४कोही मानिसहरू तिमीहरूको समूहमा सुटुक्क पसेका छन्।
तिनीहरूले गरिरहेका कुराको निम्ति दोषी ठहर्याई सकिएको
छ। धेरै अघि, अगमवक्ताहरूले तिनीहरूको बिषयमा लेखेका
थिए। तिनीहरू परमेश्वरका शत्रुहरू हुन्। तिनीहरूले हाम्रा
परमेश्वरको अनुग्रहलाई हर तरहको पापकर्म गर्ने अनुमति पत्र
बनाएका छन्। तिनीहरू हाम्रा एकमात्र मालिक एवं प्रभु येशू
ख्रीष्टलाई अस्वीकार गर्छन्।
५तिमीहरूले जानिसकेको कुराहरू तिमीहरूलाई स्मरण
गराउनमा म सहायता गर्न चाहान्छु याद गर कि प्रभुले मिश्र देशबाट
बाहिर ल्याएर उहाँका मानिसहरूलाई बचाउनुभयो। तर उहाँले
ती सबै मानिसहरूको संहार गर्नु भयो जसले विश्वास गरेनन्।
६अनि याद गर, ती स्वर्गदूतहरूलाई जो सित अधिकार थियो
तर उहाँले राख्नुभएन। तिनीहरूले आफ्नै घर त्याग गरे। यसर्थ
प्रभुले ती स्वर्गदूतहरूलाई अन्धकारमा राख्नुभयो। तिनीहरूलाई
सदा रहिरहने बन्धनमा बाँध्नुभयो। उहाँले त्यो महान् दिनमा
न्याय गर्न तिनीहरूलाई राख्नुभयो। ७सदोम अनि गमोरा शहरहरू
अनि वरिपरिका अन्य शहरहरूलाई स्मरण गर। तिनीहरू पनि ती
स्वर्गदूतहरू जस्तै हुन्। ती शहरहरू व्यभिचार अनि अ-प्राकृतिक
आनन्द मनाइरहेका थिए। तिनीहरूले अनन्त जलनको दण्ड
भोग्छन्। तिनीहरूको दण्ड हाम्रो निम्ति उदाहरण हो।
८ती तिमीहरूका दलमा पस्ने मानिसहरू पनि त्यही अनुशरण
गर्छन्। तिनीहरूलाई तिनीहरूको सपनाले डोर्याएको छ अनि
तिनीहरूले स्वयंलाई अनैतिक पारेका छन्। तिनीहरू आफैलाई
अनैतिक बनाउँछन्। तिनीहरू परमेश्वरलाई अस्वीकार गर्छन्
अनि महिमामय स्वर्गदूतहरूको निन्दा गर्छन्। ९प्रधान स्वर्गदूत
मिखाएलले पनि यसो गरेनन्। मिखाएलले शैतानसँग मोशाको
शरीर छ भन्ने कुरामा मानेन। तर मिखाएलले निन्दनीय
वचनहरूले शैतानलाई गाली गर्ने आँट गरेनन्। यसकारण,
मिखाएलले भने, “परमप्रभुले तिमीलाई दण्डित तुल्याउने छन्।”
१०तर यी मानिसहरू जुन कुराहरू आफैले बुझेका छैनन्
त्यस बारेमा निन्दनीय शब्दहरू प्रयोग गर्छन्। अनि तिनीहरूले
जे बुझ्छन् बुद्धि द्वारा होइन तर लाटा बिवेक अनि शून्य पशुले
भै बुझ्छन्। अनि यी कुराहरूद्वारा तिनीहरू ध्वंश हुन्छन्। ११यो
तिनीहरूका निम्ति अत्यन्तै नराम्रो हुनेछ। यी मानिसहरूले
कयिन हिँडेको मार्ग अनुशरण गरेका छन्। धन कमाउन तिनीहरू
बालाम हिँडेको बाटोमा हिँडिरहेका छन्। तिनीहरू परमेश्वरको
विरोधमा कोरह झैं लड्छन्। यसर्थ कोरह झैं तिनीहरू पनि
सड्नेछन्।
१२यी मानिसहरू तिमीहरूको समूह भोजमा भएका फोहोर
दागहरू जस्तै हुन्। तिनीहरू तिमीहरूको भोजनमा साथ
दिन्छन् अनि निर्भय साथ खान्छन्। तिनीहरू आफ्नै स्वार्थ
केन्द्रित गोठालाहरू हुन्। ती बृष्टिहीन मेघहरू हुन्। बतासले
तिनीहरूलाई चारैतिर उडाउँछ। तिनीहरू ती बृक्षहरू हुन्
जुन समयमा फल दिँदैनन्, अनि भूईबाट उखेलिन्छन्। यसरी
तिनीहरू पूर्णरुपले मर्छन्। १३तिनीहरू समुद्रका भयानक छाल
जस्तै हुन्। छालले फिँज सृष्टि गर्छ। यी मानिसहरूले, छालले
फिँज उत्पन्न गरे झैं लज्जापूर्ण कुराहरू गर्छन्। यी मानिसहरू ती
ताराहरू जस्तै हुन् जो आकाशमा निरुद्देश्य घुम्छन्। तिनीहरूको
निम्ति चुक झैं कालो ठाउँ सदैवको लागि राखिएको छ।
१४आदमका सातौं सन्तान हनोकले तिनीहरूको बारेमा यसो
भनेका छन् “हेर, प्रभु उहाँका हजारौं-हजार पवित्र दूतहरूसँग
आउनुहुँदैछ। १५प्रभुले हरेक मानिसको न्याय गर्नुहुनेछ। प्रभु
सबै मानिसहरूको न्याय गर्न अनि जो परमेश्वरका विरुद्ध छन्,
तिनीहरूलाई दण्ड दिन आउनुहुँदैछ। परमेश्वरले तिनीहरूले
गरेको परमेश्वर बिरोधी जम्मै कुराहरूको निम्ति तिनीहरू

सबैलाई दण्ड दिनुहुनेछ। उहाँले यी पापीहरूलाई, जो परमेश्वरका विरुद्धमा जति कर्णकदु कुरा गरे ती सबैको निम्ति दण्ड दिनुहुनेछ।"

१६यी मानिसहरू सदैव बिरोध जनाउँछन् अनि अरूको
त्रुटि खोज्छन्। तिनीहरूले सदैव तिनीहरूले गर्न चाहेका
कुकर्महरू गर्छन्। तिनीहरू आफ्नै गर्व गर्छन्। तिनीहरूले अन्य
मानिसहरूको बिषयमा राम्रो कुरा भन्नुको एउटा कारण तिनीहरू
जे चाहान्छन् त्यो प्राप्त गर्नु हो।

### चेतावनी अनि कर्त्तव्य

१७प्रिय मित्रहरू, हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितले के अगमवाणी
गरेका छन्, याद गर। १८प्रेरितले तिमीहरूलाई भनेका थिए,
"आखिरमा त्यहाँ मानिसहरू हुने छन् जो परमेश्वरबारे आक्षेप
गर्नेछन्। तिनीहरूले आफ्नो इच्छा पूरा गर्नेछन् अनि परमेश्वर
विरुद्धका कुराहरू गर्नेछन्।" १९यी मानिसहरु नै हुन् जसले
तिमीहरुलाई बिभाजन गर्नेछन्। यी मानिसहरू तिनीहरूका
पापमय आत्माले खोजेको मात्र गर्छन्। तिनीहरूको आत्मा हुँदैन।
२०तर प्रिय मित्रहरू, तिमीहरू स्वयंलाई दृढ तुल्याउनका
निम्ति तिमीहरूका अति पवित्र विश्वास उपयोग गर। पवित्र
आत्मासित प्रार्थना गर। २१तिमीहरू स्वयंलाई परमेश्वरको
प्रेममा राख। तिमीहरूलाई सदाको निम्ति जीवन प्रदान गर्न
उहाँका कृपा सहित प्रभु येशू ख्रीष्टको प्रतीक्षा गर।
२२जो मानिसहरू सन्देह गर्छन् तिनीहरूलाई दया देखाऊ।
तिमीहरूले कोही मानिसहरूलाई बचाउनु आवश्यक छ।
२३तिमीहरू तिनीहरूलाई आगोबाट खोस। तर खुबै सावधान
बन जब तिमी अन्य मानिसहरूलाई सहायता गर्छौ। तिनीहरूका
बस्त्र समेतलाई घृणा गर जुन पापले फोहोर भएका छन्।

### परमेश्वरको स्तुति गर

२४परमेश्वर शक्तिशाली हुनुहुन्छ अनि तिमीहरूलाई पतन्
हुनबाट जोगाउन सहयोग गर्ने योग्य हुनुहुन्छ। कुनै दोष अनि
महा-आनन्द बिनै उहाँको महिमामय उपस्थिति अघि तिमीलाई
ल्याउन योग्य हुनुहुन्छ। २५उहाँ एक मात्र परमेश्वर हुनुहुन्छ जसले
हामीलाई बचाउन सक्नुहुन्छ। सबै बितेका समय, अहिले, अनि
सदासर्वदा हाम्रा प्रभु येशू ख्रीष्ट मार्फत महिमा, महानता, शक्ति
अनि अधिकार उहाँका साथ रहुन्। आमिन।



पूर्व तिरबाट एथेन्सको मार्स डाँडा